# आकाशवाणी समाचार- नेपाली

मितिः २५ सितम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

## मुख्य समाचार

१. प्रधानमन्त्री नरेन्द्र मोदीले आज उत्तर प्रदेश र राजस्थानको भ्रमण गर्नुहुनेछ। उहाँले राजस्थानमा एक लाख 22 हज़ार 100 करोड रुपियाँ बराबरका धैरै विकास परियोजनाहरूको शिलान्यास र उद्घाटन गर्नुहुनेछ।

२. प्रधानमन्त्री नरेन्द्र मोदीले आज साँझ नयाँ दिल्लीको भारत मण्डपममा वर्ल्ड फूड इंडिया 2025 को उद्घाटन गर्नुहुनेछ।

३. गृह मन्त्रालयले भनेको छ, लद्दाखमा सोनम वाङचुकको सर्वोच्च निकाय लेह र कारगिल डेमोक्रेटिक एलायन्ससँग सक्रिय रूपमा बातचीत गरिरहेको छ।

४. अमेरिकी ऊर्जा सचिव क्रिस राइटले भन्नु भएको छ, अमेरिकाले भारतसँग प्राकृतिक ग्यास, कोइला, परमाणु ऊर्जा र स्वच्छ रसोई इन्धनसहित ऊर्जा सहयोग विस्तार गर्न चाहन्छ।

५. भारतले बंगलादेशलाई ४१ रनले पराजित गर्दै एसिया कप २०२५ को फाइनलमा आफ्नो स्थान सुरक्षित गरेको छ।

## प्रधानमन्त्रीको भ्रमण

प्रधानमन्त्री नरेन्द्र मोदीले आज उत्तर प्रदेश र राजस्थानको भ्रमण गर्नुहुनेछ। उहाँले ग्रेटर नोएडामा उत्तर प्रदेश अन्तर्राष्ट्रिय व्यापार प्रदर्शनी २०२५ को उद्घाटन गर्नुहुनेछ। प्रधानमन्त्री श्री मोदीले यस अवसरमा जनसमूहलाई पनि सम्बोधन गर्नुहुनेछ। यस अवसरमा राज्यका विविध शिल्प, आधुनिक उद्योग, जीवन्त एमएसएमई र उदीयमान उद्यमीहरूको प्रदर्शन गरिनेछ। प्रमुख क्षेत्रहरूमा हस्तकला, कपडा, छाला, कृषि, खाद्य प्रशोधन, आईटी, इलेक्ट्रोनिक्स र आयुष समावेश छन्। उत्तर प्रदेशको समृद्ध कला, संस्कृति र व्यञ्जनहरू पनि प्रदर्शन गरिनेछ। व्यापार प्रदर्शनी २९ सेप्टेम्बरसम्म चल्नेछ।यसपछि, प्रधानमन्त्रीले राजस्थानको भ्रमण गर्नुहुनेछ र एक लाख 22 हज़ार 100 करोड रुपियाँ बराबरका धैरै विकास परियोजनाहरूको शिलान्यास र उद्घाटन गर्नुहुनेछ। उहाँले बांसवाडामा एक सार्वजनिक सभालाई पनि सम्बोधन गर्नुहुनेछ। श्री मोदीले प्रधानमन्त्री कुसुम लाभार्थीहरूसँग पनि अन्तरक्रिया गर्नुहुनेछ। प्रधानमन्त्रीले लगभग 42 हज़ार करोड़ रुपियाँ लागतको अनुशक्ति विद्युत निगम लिमिटेडको माही बांसवाडा राजस्थान परमाणु ऊर्जा परियोजनाको शिलान्यास गर्नुहुनेछ।प्रधानमन्त्रीले राजस्थानमा लगभग **19 हजार दुई सय दस करोड़** रुपियाँ बराबरको हरित ऊर्जा परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुहुनेछ। उहाँले फलोदी, जैसलमेर, जालोर र सिकर लगायत अन्य स्थानहरूमा सौर्य परियोजनाहरूको उद्घाटन गर्नुहुनेछ।

## मन्त्रिपरिषद् - एमबीबीएस सिटहरू

प्रधानमन्त्री नरेन्द्र मोदीको अध्यक्षतामा बसेको केन्द्रीय मन्त्रिपरिषद्ले केन्द्रीय प्रायोजित योजनाको तेस्रो चरणलाई अनुमोदन गरेको छ। यस योजना अन्तर्गत, आगामी तीन वर्षमा **एक हजार पांच सय 34** करोडको लागतमा अवस्थित सरकारी मेडिकल कलेज र संस्थाहरूमा **5 हजार 23** एमबीबीएस सिट र ५ हजार स्नातकोत्तर सिटहरू बढाउने निर्णय गरिएको छ। यो पहलले स्नातक चिकित्सा क्षमतामा उल्लेखनीय वृद्धि गर्नेछ। थप स्नातकोत्तर सिटहरूले विशेषज्ञ डाक्टरहरूको उपलब्धता बढाउनेछ र सरकारी चिकित्सा संस्थाहरूमा नयाँ विशेषज्ञताहरू परिचय गराउन सहज बनाउनेछ। यसले देशमा डाक्टरहरूको समग्र उपलब्धता बढाउनेछ।

२०२५-२६ देखि २०२८-२९ को अवधिमा यी दुई योजनाहरूको जम्मा वित्तीय निहितार्थ एक हजार पांच सय 34 करोडभन्दा बढी छ। यसमा केन्द्रीय हिस्सा **10 हजार 303 करोड़** र राज्य हिस्सा **4 हजार 731 करोड़** छ।

यो पहलले विद्यार्थीहरूलाई भारतमा चिकित्सा शिक्षा हासिल गर्ने थप अवसरहरू प्रदान गर्नेछ र विश्वव्यापी मापदण्ड अनुसार चिकित्सा शिक्षा र तालिमको गुणस्तर बढाउनेछ।

**प्रधानमन्त्री - वर्ल्ड फूड इन्डिया 2025**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज साँझ नयाँ दिल्लीको भारत मण्डपममा वर्ल्ड फूड इंडिया 2025 को उद्घाटन गर्नुहुनेछ। चार दिने कार्यक्रमले खाद्य प्रशोधन क्षेत्रमा भारतको क्षमता, खाद्य दिगोपन र पौष्टिक तथा जैविक खाद्य उत्पादन प्रदर्शन गर्नेछ। यसले खाद्य प्रशोधन क्षेत्रमा भारतको रूपान्तरणकारी यात्रा प्रदर्शन गर्नेछ र अन्तर्राष्ट्रिय सहकार्य र लगानीका अवसरहरूलाई प्रवर्द्धन गर्नेछ।यो विश्वव्यापी खाद्य कार्यक्रममा २१ भन्दा बढी देशहरू, २१ राज्यहरू र केन्द्र शासित प्रदेशहरू र दश केन्द्रीय मन्त्रालयहरूको सहभागिता रहनेछ। यो भारतीय खाद्य प्रशोधन क्षेत्रका सरोकारवालाहरूको सबैभन्दा ठूलो भेला हो। प्रधानमन्त्रीले सूक्ष्म खाद्य प्रशोधन उद्यम औपचारिकीकरण योजना अन्तर्गत खाद्य प्रशोधन क्षेत्रमा सूक्ष्म परियोजनाहरूका लागि लगभग 26 हजार लाभार्थीहरूलाई ७७० करोडभन्दा बढीको ऋणमा आधारित सहायता प्रदान गर्नुहुनेछ। कार्यक्रमको क्रममा धेरै सत्रहरू आयोजना गरिनेछ, जसमा सीईओ गोलमेच सम्मेलन, तकनीकी सत्र, प्रदर्शनीहरू र विभिन्न व्यावसायिक अन्तरक्रियाहरू समावेश छन्। विशिष्ट विषय वस्तुहरूमा समर्पित चौध मण्डपहरू स्थापना गरिएका छन्, जसमा लगभग एक लाख आगन्तुकहरूको अपेक्षा गरिएको छ।

**गडकरी-खाद्य निगम**

केन्द्रीय मन्त्री नितिन गडकरीले हिजो किसानहरूको लागि उचित मूल्य सुनिश्चित गर्नुको महत्त्वमा जोड दिनु भयो र कृषि रसायन उद्योगलाई प्रवर्द्धन गर्न आह्वान गर्नु भयो। नयाँ दिल्लीमा भारतीय फसल देखभाल महासंघको ६२ औं वार्षिक साधारण सभामा बोल्दै, उहाँले विश्वव्यापी बजार कारकहरूमा उतारचढावका कारण किसानहरूले प्रायः आफ्नो उत्पादनको उचित मूल्य नपाउने कुरा बताउनु भएको छ। श्री गडकरीले भारत विश्वव्यापी रूपमा कृषि रसायनहरूको तेस्रो ठूलो निर्यातकर्ता भएको उल्लेख गर्नु भयो। उहाँले भन्नु भयो, उच्च गुणस्तरको कीटनाशक र मलले कृषिमा आत्मनिर्भर भारतको लक्ष्य हासिल गर्न उल्लेखनीय रूपमा मद्दत गर्नेछ। केन्द्रीय मन्त्रीले भन्नु भयो,  कृत्रिम रसायनहरूको आयात घटाएर र जैविक-इनपुटहरूको घरेलु उत्पादन र निर्यात बढाउनमा ध्यान केन्द्रित गरेर, भारत दिगो कृषि अभ्यासहरूमा अग्रणी बन्न सक्छ।

**गृह मन्त्रालय - लद्दाख**

गृह मन्त्रालयले भनेको छ कि केन्द्र सरकारले छैटौं अनुसूचीमा समावेश गर्ने र लद्दाखलाई राज्यको दर्जा दिने मागमा सोनम वाङचुकको सर्वोच्च निकाय लेह र कारगिल डेमोक्रेटिक एलायन्ससँग सक्रिय रूपमा बातचीत गरिरहेको छ। मन्त्रालयले भनेको छ, उच्च अधिकार प्राप्त समिति र उप-समितिहरूको औपचारिक माध्यमहरूमार्फत साथै नेताहरूसँग धेरै अनौपचारिक बैठकहरूमार्फत छलफल भइरहेको छ। मन्त्रालयले भनेको छ कि वार्ता प्रक्रियाले अभूतपूर्व परिणामहरू ल्याएको छ, जसमा लद्दाखमा अनुसूचित जनजातिहरूको लागि आरक्षण ४५ प्रतिशतबाट ८४ प्रतिशतमा बढाउने समावेश छ। यसबाहेक परिषदहरूमा महिलाहरूको लागि एक तिहाइ आरक्षण र भोटी र पुर्गीलाई आधिकारिक भाषा घोषणा गर्ने प्रावधान पनि छ। मन्त्रालयले भनेको छ, यस प्रक्रियासँगै १,८०० पदहरूको लागि भर्ती पनि सुरु भएको छ। मन्त्रालयले उच्चाधिकार प्राप्त समितिको अर्को बैठक ६ अक्टोबरमा हुने र लद्दाखी नेताहरूसँगको भेटघाट पनि २५ र २६ अक्टोबरमा हुने बताएको छ। मन्त्रालयले उच्चाधिकार प्राप्त समिति अन्तर्गत भएको प्रगतिबाट असन्तुष्ट केही राजनीतिक रूपमा प्रेरित व्यक्तिहरूले वार्ता प्रक्रियालाई तोडफोड गर्न खोजिरहेको पनि बताएको छ।

**अमेरिका-भारत ऊर्जा सहयोग**

अमेरिकी ऊर्जा सचिव क्रिस राइटले भन्नु भएको छ, अमेरिकाले भारतसँग प्राकृतिक ग्यास, कोइला, परमाणु ऊर्जा र स्वच्छ रसोई इन्धनसहित ऊर्जा सहयोग विस्तार गर्न चाहन्छ। पत्रकार सम्मेलनमा बोल्नु हुँदै श्री राइटले भन्नु भयो, पदभार ग्रहण गरेदेखि उनले आफ्नो अधिकांश समय विश्वको सबैभन्दा ठूलो लोकतन्त्र, अमेरिकाको लागि एक अद्भुत साझेदार र द्रुत गतिमा बढ्दो अर्थतन्त्र भारतसँग बिताएका छन्। उहान्ले भारतलाई द्रुत गतिमा बढ्दो ऊर्जा माग भएको गतिशील समाजको रूपमा वर्णन

गर्नु भयो। उहाँले अझ भन्नु भयो, उहाँ भारतको ठूलो प्रशंसक हुन्।भारतले आफ्नो ऊर्जा खरिद राष्ट्रिय हित र बजार गतिशीलताद्वारा संचालित भएको कुरा निरन्तर कायम राखेको छ। फरवरी २०२२ मा युक्रेनमा आक्रमण गरेपछि पश्चिमी देशहरूले मस्कोमा प्रतिबन्ध लगाएपछि र आपूर्ति कटौती गरेपछि भारतले छुटमा रूसी तेल खरिद गर्न थाल्यो।

**कोलकाता - वर्षा**

कोलकाता र वरपरका क्षेत्रहरूमा वर्षासँग सम्बन्धित घटनाहरूमा मृत्यु हुनेको संख्या ११ पुगेको छ। कोलकाता र यसको उपनगरका धेरै क्षेत्रहरूबाट पानी घटेको छ, तर केही क्षेत्रहरू अझै पनि डुबेका छन्। बस र मेट्रो सेवाहरू सामान्य रूपमा सञ्चालन भइरहेका छन्। मुख्यमन्त्री ममता ब्यानर्जीले मृतकका परिवारलाई प्रति परिवार २ लाख रुपियाँको अनुग्रह राहत घोषणा गर्नु भएको छ। आज कोलकातामा छिटपुट वर्षाको पूर्वानुमान गरिएको छ। भाजपा र अन्य विपक्षी दलहरूले पानी जम्ने समस्यासँग सम्बन्धित विद्युतीय करेन्टबाट भएको मृत्युको लागि मुख्यमन्त्रीको आलोचना गरेका छन्।

**सेवा पर्व-रक्षा नवाचार पारिस्थितिकी तंत्र**

सेवा र सुशासनको मन्त्रबाट प्रेरित भएर अर्थात् सार्वजनिक सेवा र सुशासन, प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा रहेको सरकारले परिवर्तन र प्रगति ल्याउन अथक प्रयास गरिरहेको छ। आज, यो विशेष श्रृंखला - 'सेवा पर्व' मा, हामी मोदी सरकारले रक्षा क्षेत्रमा उत्कृष्टताका लागि नवप्रवर्तनहरूमार्फत भारतको रक्षा नवप्रवर्तन पारिस्थितिक प्रणालीलाई कसरी बलियो बनाउँदैछ भनेर प्रस्तुत गर्दैछौं।

**जीएसटी सुधार- उपचार सन्यन्त्र**

आगामी पुस्ताको जीएसटी सुधारहरू भारतको अप्रत्यक्ष कर प्रणालीलाई सरल बनाउने दिशामा एक महत्त्वपूर्ण कदम हो। यस महिनाको २२ तारिखबाट लागू भएको जीएसटी सुधारहरूबाट अब मानिसहरूले लाभ उठाउन सक्छन्। नयाँ ढाँचा अन्तर्गत, जीएसटी परिषद्ले ५, १२, १८ र २८ प्रतिशतको अघिल्लो चार-स्तरीय संरचनालाई ५ प्रतिशत र १८ प्रतिशतको दुई-स्तरीय संरचनामा सरलीकृत गरेको छ।

**एसिया कप क्रिकेट**

दुबई अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियममा हिजो राति सुपर फोरको म्याचमा भारतले बंगलादेशलाई ४१ रनले पराजित गर्दै एसिया कप २०२५ को फाइनलमा आफ्नो स्थान सुरक्षित गरेको छ। पहिले ब्याटिङ गर्दै भारतले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १६८ रन बनाएको थियो, जसमा अभिषेक शर्माले ३७ बलमा ७५ रन बनाएका थिए भने हार्दिक पाण्ड्याले ३८ रन बनाएका थिए। जवाबमा बंगलादेशले केवल १२७ रन मात्र बनाउन सक्यो अनि भारत ४१ रनले बिजय हुँदै एसिया कपको फाईनलमा पुग्न सफल बनेको छ|

बंगलादेशका लागि सैफ हसनले बनाएको ६९ रन व्यर्थ गएको छ| भारतीय बलरहरुमा कुलदीप यादवको नेतृत्वले तीन विकेट लिएका थिए भने वरुण चक्रवर्ती र जसप्रीत बुमराहले दुई-दुई विकेट लिएका थिए। अभिषेक शर्मालाई उनको उत्कृष्ट इनिङका लागि प्लेयर अफ द म्याच घोषित गरियो। उनले ३७ बलमा ७५ रनको बहुमुल्य योगदान दिएका थिए|

आज, बंगलादेशले दुबईमा राति ८ बजे अर्को सुपर फोर म्याचमा पाकिस्तानको सामना गर्नेछ। यस म्याचको विजेताले फाइनलमा भारतको सामना गर्नेछ।